स्थान: बैठक कक्ष

आज मिति २०८२/०९/२० गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

**आर्थिक वर्ष २०८२/८३ कार्यपालिका बैठक संख्या: ०७ (सातौं)**

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री प्रमोद खनाल | |

निर्णय १. मिति २०८२।०९।२० गते बिहान ११.३० मा बस्ने नगरसभाको १४ औं अधिवेशन बैठकमा पेस गर्ने उपस्थिति बाहेक ३ पाना ५८ रहेको नगरकार्यपालिका बैठकबाट स्वीकृत दस्तावेज प्रमाणित गरिएको छ।

२०८२।०९।२०

२०८२।०९।२०

निर्णय नं. २ सन्धिखर्क नगरपालिका वडा नं. १ र ३ को सिमाना अलुवा खोलामा रहेको फोहरमैला प्रशोधन केन्द्र (डम्पीङ साइट) मा विगत २ वर्षदेखि सङ्कलन भएको फोहर अत्याधिक भई आगामी दिनमा सङ्कलित फोहर राख्न नसक्ने अवस्था श्रृजना हुनुको साथै बजार क्षेत्रमा दैनिक रुपमा उत्पन्न भएको फोहर समेत सङ्कलन नहुँदा जनताबाट व्यापक गुनासाहरु आइरहेको, वातावरणमा समेत थप असर पर्न सक्ने देखिएकोले डम्पीङ साइटमा रहेको सङ्कलित फोहरलाई यथाशिघ्र व्यवस्थापन गर्नु पर्ने भएकोले विपद व्यवस्थापन कोषमा विनियोजित बजेटबाट रु.१० लाख रकमान्तर गरी फोहरमैला व्यवस्थापन शिर्षकमा कायम गरी आवश्यक खरिद प्रकृया अगाडी बढाउने र उक्त कार्य गर्दा समेत डम्पीङ साइटमा रहेको सम्पूर्ण फोहर व्यवस्थापन गर्न बजेट अपुग भएमा जग्गा प्राप्ति तथा डम्पीङ साइट व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट आवश्यक खरिद प्रकृया अगाडी बढाउने।

यस नगरपालिकाको वडा नं. १ र ३ को सिमाना अलुवा खोलामा सङ्कलीत फोहरलाई २ वर्ष पहिले व्यवस्थापन गरेको स्थान सन्धिखर्क नगरपालिका वडा नं. ३ मोहर खोला (फूलबारी रिसोर्टदेखि तल सालझण्डी सडक खण्डको भित्री भाग) मा खाडल खनी व्यवस्थापन गर्ने । डम्पीङ साइटबाट उक्त स्थानसम्म लैजादा त्यस क्षेत्रका बासिन्दालाई असर नपर्ने गरी ट्रिप्परमा त्रिपालले छोपी ढुवानी व्यवस्थापन गर्ने र सो कार्यको लागि लागत अनुमान तयार गर्न सन्धिखर्क नगरपालिकाको आ.व. २०८२/०८३ का लागि नगरपालिका क्षेत्रभर लागु हुने गरी निर्माण सामग्री, ढुवानीको दररेट, मेसिन तथा उपकरणको भाडा तथा कामदारको ज्याला लगायत विभिन्न शीर्षकका दररेटहरू मिति २०८२/०४/०६ गते बसेको नगर दररेट निर्धारण समितिको बैठकबाट स्वीकृत गरिएकोमा स्वीकृत दररेटमा फोहरमैला व्यवस्थापन कार्य सम्बन्धी दररेट नभएकोले **DUDBC** र **DOR** नर्म्सको आधारमा प्राविधिक शाखाबाट तयार गरि मिति २०८२/९/१८ गते नगरप्रमुख स्तरीय निर्णयबाट स्वीकृत भएको दररेटलाई समर्थन गरी सोही दररेटको आधारमा लागत अनुमान तयार गरी फोहरमैला प्रशोधन केन्द्र (डम्पीङ साइट) मा सङ्कलन भएको फोहरलाई व्यवस्थापन गर्ने ।

२०८२/०९/२०



CamScanner